गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल
☎९८५८०६५१११

प.सं. :२०८१/०८२
च. नं. :४६०४

**किसान प्रोत्साहन स्वरुप प्रति लिटर दूधमा अनुदान सम्बन्धि प्रस्ताव आह्वानको सूचना**

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०२/१९)**

यस नगरपालिका पशु सेवा शाखाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध उत्पादक कृषकहरुको लागी प्रति लिटर रु. २/- (अक्षेरुपी दुई रुपैयां) अनुदान प्रोत्साहन कार्यक्रम संचालनको लागी मिति २०८१/०७/०१ गते देखि २०८२/०१/३१ गते सम्मको दूध उत्पादन गरी बिक्री गरेको बिवरण आधिकारीक निकायमा दर्ता भएका दूग्ध संकलन केन्द्र/दूग्ध संकलन सहकारी /दूग्ध बिकास संस्थान र डेरी उद्योगहरुबाट दूध बिक्रीको प्रमाणीत प्रमाण सहित दूध उत्पादन प्रोत्साहन लिन चाहने ईच्छुक गुर्भाकोट नगरपालिकाका दूग्ध व्यससायी तथा दूग्ध उत्पादक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र अर्थात २०८२ साल जेष्ठ २५ गते भित्र तपसिलमा उल्लेखित बिवरण सहितको आवेदन फाराम यस नगरपालिकाको पशु सेवा शाखामा कार्यालय समय भित्र निवेदन दिई दर्ता गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेर आएका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

यस विषयमा थप जानकारीको सर्म्पक नं. ९८६८३०४६८५/९८१५५५०२२५ र ९८४८०९५१६६/९८१९५४५०९८

(धर्मराज न्यौपाने)

**तपसिल :**

१. रु. १० को टिकट सहितको आवेदन
२. कृषकहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी
३. कृषकहरुले बैंक खाता खोलेका बैंकको खाता नं. र सक्कलै चेकको पाना (हाल संचालनमा रहेको बैंकको खाता नम्बर मात्र समाबेश गरिनेछ साथै सामाजिक सूरक्षा भत्ता र पेन्सन बुझ्ने प्रयोजनको लागी खोलीएको खाता मान्य हुने छैन।
४. कृषकहरुको स्थायी लेखा (PAN) नम्बरको फोटोकपी
५. दूध संकलन केन्द्र/दूग्ध संकलन सहकारी/दूग्ध बिकास संस्थान/र डेरी उद्योग दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी स्थायी लेखा नं. , र चालु आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
६. दर्ता भएका दूध संकलन केन्द्र/दूग्ध संकलन सहकारी/दूग्ध बिकास संस्थान/र डेरी उद्योगहरुले कृषकहरुवाट २०८१ कार्तिक १ गते देखि २०८२ बैशाख ३१ गते सम्मको खरिद गरेको दूधको प्रमाणीत प्रतिलिपी सहित यस शाखाले तयार पारेको फर्मेट अनुसारको सम्पुर्ण विवरण कालीमाटी फन्टमा टाईप गरी सफ्ट कपि सहित सम्वन्धित वडा कार्यालयवाट प्रमाणीत फर्मेट यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।
७. दूध खरिद तथा संकलन कर्ताले दूध उत्पादक कृषकहरुलाई दूध खरिद परिमाणको आधारमा सम्वन्धित कृषकहरुको बैंक खातामा दूध खरिद वापतको रकम जम्मा गरिदिनको लागी बैंकलाई लेखिएको पत्र साथै कृषकको कार्तिक देखि बैशाख मसान्त सम्मको बैंक स्टेटमेन्ट पेश गर्नु पर्नेछ।
६. अन्य छुट भएका विषयहरु भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८० मा कायम भए वमोजिमको हुनेछ।

**बोधार्थ** :श्री सूचना प्रविधि शाखा गुर्भाकोट नगरपालिका। :- सूचना Website मा Upload गरि दिनहुन अनुरोध छ।



CamScanner